नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info@moless.gov.np
Website: moless.gov.np

प.सं. २०७५/७६
च.नं./PMEP/८६

मिति : २०७५।११।२२

विषय : रोजगार संयोजकलाई काममा लगाउने बारे ।

श्री सबै स्थानीय तहहरु ।

यस मन्त्रालयबाट चालु आ.व. २०७५/७६ देखि प्रारम्भ गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नेपालको संविधानको धारा ३३ मा उल्लिखित रोजगारीको हकलाई कार्यान्वयन गर्ने क्रममा रोजगारीको हकसम्बन्धी ऐन २०७५, रोजगारीको हकसम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ तर्जुमा र स्वीकृत भई कार्यान्वयनमा आईसकेका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनका लागि यी ऐन, नियमावली, निर्देशिका र मापदण्डमा भएको व्यवस्था अनुसार प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र स्थापना गर्ने र त्यस केन्द्रमा रही तोकिए बमोजिमको रोजगार सेवा प्रवाहसम्बन्धी कार्यहरु सम्पादन गर्नको लागि रोजगार संयोजकको सेवा एक वर्षका लागि करारमा लिने गरी नेपाल सरकारको निर्णय भए अनुसार ४७७ वटा स्थानीय तहहरुका लागि करार सम्झौता गरी मिति २०७५।११।२६ देखि लागू हुने गरी रोजगार संयोजकहरुलाई सम्बन्धित गाउँपालिका/नगरपालिकामा खटाई सकिएको छ ।

यस सन्दर्भमा सबै स्थानीय तहहरुले रोजगारीको हकसम्बन्धी ऐन र नियमावलीमा उल्लेख भए बमोजिमको रोजगार सेवा केन्द्र स्थापना गरी खटिएका रोजगार संयोजकलाई काम काजमा लगाउनु हुन अनुरोध छ । रोजगार संयोजकको तलब, स्थानीय भत्ता, कार्यक्रम खर्च, कार्यक्रम संचालन, अनुगमन र विविध खर्चको लागि आवश्यक पर्ने रकम नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम यस आर्थिक वर्षका लागि अख्तियारी मार्फत यथाशीघ्र पठाइने व्यहोरा निर्णयानुसार अनुरोध छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनका लागि प्रदेश स्तरमा गाउँपालिका/नगरपालिकाका प्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतहरु एवं रोजगार संयोजकहरुको अभिमुखिकरण कार्यक्रम शिघ्र गरिनेछ । सो अवसरमा नै स्थानीय तह (गाउँपालिका/नगरपालिका) र प्रधानमन्त्री रोजगार कार्यक्रमका बीच कार्यक्रम सञ्चालन सम्बन्धी समझदारी पत्र (MoU) मा हस्ताक्षर समेत गरिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

(डा.लोकनाथ भुसाल)
उपसचिव